२०८१ माघ ३० कार्यपालिका बैठक कक्ष बैठक संख्याः ९ /२०८१/०८२

आज मिति २०८१ माघ ३० गते बुधबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री मंगल सिंह बुढा — शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री कर्ण बहादुर के सी — भौतिक पूर्वाधार शाखा प्रमुख

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८१ माघ ३०  कार्यपालिका बैठक कक्ष  बैठक संख्याः ९ /२०८१/०८२

प्रस्तावहरु:

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. सुशासन तथा सेवा प्रवाहको समिक्षा

३. कमलदहको कमलको जराको आय ठेक्का

४. आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने विशेष र समपूरक आयोजना

५. कार्यपालिका र शाखा प्रमुखहरुको संयुक्त बैठक

६. शिक्षाको योजना स्वीकृत

७. आयोजनाको लागि जग्गा प्राप्तिको लागि फोकल पर्सन

८. विविध

**निर्णय नं. १,**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

कार्यान्वयन भएका निर्णय संख्याः १२

कार्यान्वयन नभएको निर्णय नं. ७, स्वास्थ्य सेवाका करार कर्मचारी पदपूर्ति थालनी नभएको अव तुरुन्तै पदपूर्तिको लागि सूचना प्रकाशन गरिने ।

**निर्णय नं. २,**

गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुको सेवा प्रवाह तथा सुशासनको समिक्षा गरियो । शाखा प्रमुखहरुको नियमित मासिक रिपोर्ट कार्यपालिकाको बैठकमा पेश गर्न लगाउने ।

**निर्णय नं. ३,**

कमलदहबाट कमलको जरा निकाली विक्री वितरण गर्नको लागि न्यूनतम रकम रु. १३००००।- अक्षरेपी एक लाख तीस हजार तोकी रितपूर्वक आय ठेक्का को लागि सूचना प्रकाशित गर्ने ।

ठेक्का लगाउने स्थानः गणेश मन्दिर देखि पश्चिम तिरको खाक्रा सम्मको दहको आधा भाग

निकासी गरी विक्रि गर्ने समय अवधि १५ दिन

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

CamScanner

२०८१ माघ ३० कार्यपालिका बैठक कक्ष बैठक संख्या: ९ /२०८१/०८२

निर्णय नं. ४,

आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी देहाय बमोजिमका विशेष र समपूरक आयोजनाहरु राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंमा माग गर्ने ।

विशेष अनुदान

| क.स. | आयोजनाको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक विकास तथा गुणस्तर सुधार | सिस्ने गाउँपालिका | | नयाँ |
| २ | पोषण मैत्री गाउँपालिका | सिस्ने गाउँपालिका | | नयाँ |
| ३ | कृषिमा व्यवसायीकरण र वजारीकरण कार्यक्रम | सिस्ने गाउँपालिका | | नयाँ |

समपूरक अनुदान

| क.स. | आयोजनाको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चोकबजार–पाखागाउँ-सेराखेत ढलनिकास आयोजना | सिस्ने गाउँपालिका वडा नं ५ र ६ | | क्रमागत |
| २ | सुर्दि देखि भट्टेचौरसम्म सडक निर्माण | सिस्ने गाउँपालिका वडा नं १ र २ | | नयाँ |
| ३ | कौचे सानचौर लम्पाकोट स्यालापाखा भुरुङगा मौवाडाँडा सडक निर्माण | सिस्ने गाउँपालिका वडा नं ७ र ८ | | नयाँ |
| ४ | वडा कार्यालय भवन निर्माण वडा नं ४ | सिस्ने गाउँपालिका वडा नं ४ | | नयाँ |

निर्णय नं. ५,

कार्यपालिका र शाखा प्रमुखहरुको संयुक्त बैठक प्रत्येक महिनाको १० गते देखि २० भित्र नियमित रुपले कम्तिमा महिनाको एक पटक बस्ने ।

रवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ माघ ३०　　　　कार्यपालिका बैठक कक्ष　　　　बैठक संख्याः ९ /२०८१/०८२

**निर्णय नं. ६,**

सिस्ने गाउँपालिकाको कालिका स्वालम्बन विकास केन्द्रको सहयोगमा तयार भएको शिक्षा योजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ७,**

विभिन्न आयोजनाहरुको लागि जग्गा प्राप्ति कार्यको लागि सम्पूर्ण कार्य गर्न फोकल पर्सन जिन्सी ईकाइ प्रमुख श्री दिनेश ओलीलाई तोक्ने ।

**निर्णय नं. ८,**

वडा नं ४ अमलाचौर स्वास्थ्य चौकीमा काम गर्ने गरी अ.हे.व. रिता खड्का के.सी. लाई मिति २०८१ फागुन १ गते देखि लागू हुने गरी दिइएको नियुक्ती सदर गर्ने ।

निर्णय प्रमाणित ।

२०८१/१०/३०
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद
गा.पा. अध्यक्ष

CamScanner